# मोतिदेवी स्मृति केन्द्रको
# हाल सम्मको
# आजिवन सदस्यहरुको बिबरण

| क.सं. | नाम | ठेगाना | फोन नं. | इमेल |
|---|---|---|---|---|
| १. | अष्ट लक्ष्मी शाक्य | काठमाडौं | ९८४१५००३४८ | |
| २. | उदया शर्मा | काठमाडौं | ९८४१६८००३६ | |
| ३. | केशव पोखरेल | काठमाडौं | ९८५१०८७०९३ | |
| ४. | शंकर महर्जन | काठमाडौं | ९८४१२९५९३३ | |
| ५. | डा. पुष्पा कर्ण | पर्सा | ९८४१७७१८१२ | |
| ६. | प्रेम पराजुली | काठमाडौं | ९८५११२३४३६ | |
| ७. | मैयालक्ष्मी महर्जन | काठमाडौं | ९८४१२४२५२५ | |
| ८. | इन्द्रमाया गुरुङ् | सिन्धुपाल्चोक | ९८४३३७०८७६ | |
| ९. | उर्मिला कर्मचार्य | काठमाडौं | ९८४१४०९२२५ | |
| १०. | रघुवर चौ प्रधान | काभ्रे | ९८५१०४८४०३ | |
| ११. | पदम कुमारी कार्की | | ९८४१४६८६५० | |
| १२. | अन्नपुर्ण कुँवर | काठमाडौं | ९८४११४७०९९ | |
| १३. | ममता गिरी | सिरहा | ९८५११८७९८० | girimamata0605@gmail.com |
| १४. | रश्मी गुरुङ् | संखुवासभा | ९८५१२३१३१४ | |
| १५. | निलम सुवेदी | मकवानपुर | ९८५११८०५३० | |
| १६. | सुस्मा राज भण्डारी(जोशी) | काठमाडौं. | ९८५१०१५५३१ | |
| १७. | तारा सन्जेल | ललितपुर | ९८४४०२७९९९ | |
| १८. | दिब्यतारा तुलाधर | काठमाडौं | ९८०८६५४६५९ | |
| १९. | देवकी श्रेष्ठ | ललितपुर | ९८४१५६८८२५ | |
| २०. | कुमार खकुरेल | कभ्रे | ९८५१२०९०४६ | |
| २१. | सुनिता शाक्य | काठमाडौं | ९८४९४१२८५७ | |
| २२. | ज्ञानमाया डंगोल | काठमाडौं | ९८४१४४३४८२ | |
| २३. | सुशीला अधिकारी | काठमाडौं | ९८५१२२५७१७ | |
| २४. | बबी शेरचन | मुस्ताङ् | ९८४१५४१२१ | |

| | | | | |
|---|---|---|---|---|
| २५. | मिना बर्जाचार्य | ललितपुर | ९८४१४८९१२२ | |
| २६. | रिना शाक्य | | ९८४१०२९७०६ | |
| २७. | धुर्ब प्रसाद पौडेल | | ९८५१००६७४३ | |
| २८. | केशरी शाक्य | | ९८४१०५१८९० | |
| २९. | गोबिन्द प्रसाद दुलाल | ललितपुर | ९८५१००९०४८ | |
| ३०. | करुण कुमार बलामी | काठमाडौं | ९८५१०४०६८५ | |
| ३१. | पुर्णलाल श्रेष्ठ | काठमाडौं | ९८५१०२६२८५ | |
| ३२. | ज्ञानू डंगोल महर्जन | | ९८५१०२६२८५ | |
| ३३. | बिन्दा पान्डे | नुवाकोट | ९८५११२५५९९ | |
| ३४. | गोबिन्द प्रसाद दुलाल | भक्तपुर | | |
| ३५. | दिपक महर्जन | काठमाडौं | ९८५१२२९३४६ | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# बार्षिक प्रगति प्रतिबेदन

कार्यक्रमका अध्यक्ष ज्यू, अथिती ज्यूहरु र सम्पुर्ण कमरेडहरु,
हार्दिक अभिवादन ।

नेपाल कम्युनिष्ट पार्टीकी संस्थापक सदस्य एवम् नेपालको कम्युनिष्ट आन्दोलन, प्रजातान्त्रिक आन्दोलन, सामाजिक, राजनीतिक परिवर्तनको आन्दोलनमा महत्वपूर्ण योगदान गर्नुभएकी सशक्त योद्धा हुन कमरेड मोतिदेवी श्रेष्ठ । निरंकुश राणा शासनको बिरुद्ध आमूल परिवर्तनको निम्ति अदम्य उत्साहका साथ लड्ने जुझारु एवम् क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो कमरेड मोतिदेवी । ब्यक्तिगत स्वार्थ त्यागी ठूलो आँट र साहस एवम् आत्मविश्वासका साथ निर्भिकता पूर्वक नेपाली महिलाहरुको हितमा उहाँले गर्नुभएको संघर्ष हामी सबैका लागि प्रेरणाको स्रोत हो । उहाँको यही योगदानलाई चिरस्थायी बनाउन मोतिदेवी स्मृती केन्द्रको स्थापना गरिएको हो ।

समाजका संघर्षशील, प्रेरणादायी अग्रज महिलाहरु बारे जीवनी प्रकाशन गर्ने, सम्मान गर्ने लगायतका सामाजिक न्याय तथा सम्मुन्नत राष्ट्र निर्माणका लागि आम समुदाय बिच विविध बिषयमा ज्ञान, सीप र क्षमताको प्रवर्द्धन गर्ने कामहरु केन्द्रले गर्दै आएको छ । यसै सन्दर्भमा, यस पन्धौं साधारण सभामा केन्द्रले गरेको बार्षिक प्रगति प्रतिबेदन यहाँहरुको बिचमा प्रस्तुत गर्न चाहन्छु ।

२०८१/०६/१४ गते सम्पन्न भएको चौधौं साधारण सभा पछि मोतिदेवी स्मृति केन्द्रले गरेका गतिबिधिहरु -

चौधौं साधारण सभाले कोषाधक्ष्य दिपक महर्जनलाई बिदा दिई कोषधक्ष्य पदमा रश्मी गुरुङ्लाई कार्य समितिमा राखिएको थियो र साथै कार्य समितिमा कुमार खकुरेल, पवित्रा निरौला, ज्ञानमाया डंगोल, लिशा नकर्मी, पार्वती बिशुंखे र बिकास महर्जनलाई थप गरिएको थियो । हाल पन्ध्र जना कार्य समितिमा रहेका छौं ।

- भिम ढुङ्गामा अवस्थित मोतिदेवि स्मृति केन्द्रको ज्येष्ठ नागरिक आवास गृहमा बिगत देखि नै दिवा सेवा सन्चालन हुँदै आइरहेको थियो । सोहि शिलसिलामा २०८१/१०/११ गते संस्थाले ज्येष्ठ नागरिकहरुको भेला गरिएको थियो । उक्त भेलामा विभिन्न समस्याहरुको छलफल पनि गरि र योगा सिकाउने काम पनि भएको थियो ।
- महिलाहरुलाई आर्थिक रुपले आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न तालिम तथा प्रशिक्षणहरु दिइएको थियो । २०८१/१०/२० गते बागमती प्रदेश सामाजिक बिकास कार्यालयको सहयोग र केन्द्रको आयोजनामा किर्तिपुरमा मकैको खोस्टाबाट बुके बनाउने तालिमको उद्घाटन मोतिदेवी स्मृति केन्द्रका आदरणीय अध्यक्ष क.अष्ट लक्ष्मी शाक्यले गर्नुभएको थियो । तालिममा ६० जना महिलाहरुको सहभागिता रहेको थियो र तालिम १५ दिनसम्म गरिएको थियो ।

- २०८१/११/०३ गते गोदावरी न.पा. वडा नं चार बडिखेलमा बाँसबाट सामान उत्पादन तालिम तथा प्रशिक्षण कार्यक्रमको उद्घाटन केन्द्रका अध्यक्ष क. अष्ट लक्ष्मी शाक्यले गर्नुभएको थियो । महिलाहरुको सहभागिता ३० जना रहेको थियो भने तालिम ४५ दिनको रहेको थियो ।
- २०८१/११/०६ गते केन्द्रको आयोजनामा गोदावरी न.पा. वडा नं १० प्याङ् गाउँमा पराल र मकैको खोस्टाबाट चकटी, जुत्ता, मुडा र डस्ट बिन बनाउने तालिम २५ दिन दिइएको थियो । महिलाहरु चालिस जनाको सहभागिता रहेको थियो जसमा युवा देखि ८० बर्षका ज्येष्ठ नागरिक पनि सहभागि हुनु भएको थियो ।
- यस पटक ११५ औं अन्तर्राष्ट्रिय श्रमीक महिला दिवस विभिन्न रचनात्मक कार्यक्रम गरि सफलतापूर्वक सम्पन्न गरिएको थियो । २०८१/११/२२ गते अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आठ जना समाजका विभिन्न क्षेत्रमा स्थापित प्रेरणादायी महिलाहरुलाई पृथक शैलीबाट विभिद क्षेत्रका प्रेरक र अग्रज महिलाहरुद्वारा सम्मान गरिएको थियो । सम्मानित ब्यतित्वहरुको बृत्तचित्र पनि सार्वजनिक गरिएको थियो साथै कृषक महिलाहरुद्वारा उत्पादित बस्तुहरुको कृषि मेला पनि आयोजना गरिएको थियो ।
- २०८१/०७/२३ गते ज्येष्ठ नागरिकहरुलाई चांगुनारायण भ्रमणमा लगिएको थियो । दुई वटा बसमा करिब सय जना जति ज्येष्ठ नागरिकहरुको सहभागिता रहेको थियो ।
- महिलाहरुलाई आर्थिक रुपले सबल र सक्षम बनाउने उद्देश्यले २०८२/०२/१५ गते नागार्जुन न.पा. २मा प्राकृतिक (केरा)रेसाबाट सामान उत्पादन तालिम तथा प्रशिक्षण १५ दिनको दिइएको थियो । कार्यक्रमको अध्यक्षता केन्द्रकी उपाध्यक्ष श्री दिब्यतारा तुलाधरले गर्नुभएको थियो भने उद्घाटन नागार्जुन न.पा.का कार्यवाहक नगर प्रमुख श्री शुशिला अधिकारी ज्यूले गर्नुभएको थियो । तलिममा २७ जना महिलाहरुको सहभागिता रहेको थियो ।
- २०८२/०२/२६ गते मोतिदेवीको आयोजना र उद्योग बाणिज्य कार्यालयको सहयोगमा सितापाइला मा.वि. मा १५ दिने बोतल पेन्टिङ तालिमको उद्घाटन केन्द्रका अध्यक्ष क. अष्ट लक्ष्मी शाक्यले गर्नुभएको थियो । कार्यक्रममा २५ जना महिलाहरुको सहभागिता रहेको थियो ।
- मोतिदेवी स्मृति केन्द्रको आयोजनामा २०८२/०२/२० गते ना.न.पा. वडा नं ३ मा २५ जना महिलाहरुको सहभागितामा फेल्ट बस्तु उत्पादन तालिम तथा प्रशिक्षणको आयोजना गरिएको थियो । कार्यक्रम १५ दिनको थियो । कार्यक्रमको उद्घाटन केन्द्रका अध्यक्ष कमरेड अष्ट लक्ष्मी शाक्यले गर्नुभएको थियो । समापन कार्यक्रममा प्रदेश सरकारका कृषि मन्त्रि कं प्रकाश श्रेष्ठले महिला सम्बन्धि बनाएको निती र सन्चालन भइरहेको कार्यक्रमको सम्बन्धमा सु-स्पष्ट बनाउनु भएको थियो ।
- मिती २०८२/०२/२७ गते मोतिदेवीको आयोजनामा नागार्जुन ना.न.पा वडा नं ५मा तिब्बेतियन धुप, सिन्के धुप र बाटेको धुपको तालिम तथा प्रशिक्षण १५ दिन गरिएको थियो जसमा २५ जना महिलाहरुको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता केन्द्रकी उपाध्यक्ष श्री दिब्यतारा तुलाधर ज्यूले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन ना.न.पा.का कार्यबाहक अध्यक्ष श्री शुशिला अधिकारी ज्यूले गर्नुभएको थियो । कार्यक्रम सफलता पूर्वक

सम्पन्न भएको थियो । यस प्रकार मोतिदेवी स्मृति केन्द्रले सबै तालिमहरुलाई व्यवस्थित र सफलता पूर्वक सम्पन्न गरेको थियो ।

- २०८२/०२/३१ गते मोतिदेवी स्मृति केन्द्र र तुल्सीलाल स्मृति प्रतिष्ठानको आयोजनामा नेपालको लोकतान्त्रिक एवम् कम्युनिष्ट आन्दोलनको प्रेरणादायी अग्रणी व्यक्तित्व शान्ता मानवीको अनुभव, भोगाई, प्रस्तुती र अर्न्तकिया कार्यकम केन्द्रका अध्यक्ष क.अष्ट लक्ष्मी शाक्याको अध्यक्षतामा र तुलशीलाल प्रतिस्ठानका अध्यक्ष कमरेड गोपाल शाक्यको सन्चालनमा सफलता पूर्वक सम्पन्न भएको थियो ।
- २०८२/०३/०७ गते मोतिदेवीको आयोजनामा भक्तपुरको डोलेश्वर रिसोर्टमा डिपिडको सहयोगमा युवा नेतृत्व, क्षमता बिकास प्रशिक्षण कार्यकम सफलतापूर्वक सम्पन्न भएको थियो । कार्यकममा ७० जना जति युवाहरुको उपस्थिती रहेको थियो जसमा अन्तरकिया र कर्ण शाक्यद्वारा सकारात्मक सोचको सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो यसका साथै विभिद विषयमा वर्तमान अवस्थामा युवाहरुको भुमिका र दायित्वको बारेमा प्रशिक्षण दिइएको थियो । अन्तरकिया कार्यकममा युवाहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

मोतिदेवी स्मृति केन्द्रको भिमढुंगामा ज्येष्ठ नागरिक आवास गृह (हाम्रो घर) रहेको छ जसमा ज्येष्ठ नागरिकहरुको समय समयमा भेला अन्तरकियाहरु भइरहेको छ । कागजी रुपमा मोतिदेवीको कार्यालय वडा नं १४मा रहे तापनि हाल मोतिदेवीको सबै कामहरु नागार्जुन न.पा. ३ बाट भइरहेको छ । स्थाइ रुपमा कार्यालयको व्यवस्थापन गर्न सकिएको छैन । कार्यालय व्यवस्थापनको लागि प्रयास भइरहेको छ ।

**आगामि कार्ययोजना**

- अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा समाजका प्रेरणादायी महिलाहरुलाई सम्मान गर्ने र कम्युनिष्ट आन्दोलनमा भुमिगत भएका महिलाहरुको पुस्तक प्रकासन गर्ने ।
- कम्युनिष्ट आन्दोलनमा भुमिगत भएका महिलाहरुको पुस्तक प्रकाशन गर्ने ।
- महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न तालिम तथा प्रशिक्षणहरु दिने ।
- ज्येष्ठ नागरिकहरुलाई पर्यटकिय तथा धार्मिक स्थलहरुको भ्रमण गराउने ।
- नख्खू जेल ब्रेक सम्बन्धमा अन्तरकिया कार्यकम गर्ने ।
- स्थानीय तहमा कार्यरत महिला जनप्रतिनिधिहरुको प्रशिक्षणको आयोजना गर्ने ।
- युवाहरुको बिचमा विविध विषयमा अन्तरकिया कार्यकम गर्ने ।
- अग्रज महिलाहरुको सफलताका कथाहरु, जीवनी आदान प्रदान गर्ने ।

**मोतिदेवी स्मृति केन्द्रको भौतिक सम्पती**

१.भिमढुंगामा ज्येष्ठ नागरिक आवास गृह रहेको छ ।

२.जम्मा जग्गा २ रोपनि रहेको छ ।

३. दराज ६ वटा ।

४. खाट ६ वटा
५. डस्ना, तन्ना, तकिया र तौलिया ६ ६ वटा
६. काठको टेबल २ वटा
७. काठको कुर्सी २ वटा
८. प्लास्टिकको कुर्सी ७० वटा
९. पुस्तकहरु लगभग २०० जति
१०. मोतिदेवी लगायतका अन्य महिला नेताको तस्बिरहरु ६ वटा
११. स्टिलको भाँडाहरु (थाल २५ वटा
१२.कचौरा २५ वटा,
१३.ग्लास १८ वटा,
१४.कुकर ठूलो एक थान
१५.कुकर सानो एक थान,
१६. बाटा एक थान
१७.डेक्चि सानो एक थान,
१८.डेक्चि ठूलो दुई थान,
१९.कराई सानो एक थान,
२०.कराई ठूलो २ थान,
२१.टिभी २१ इन्चको एक थान
२२.फिल्टर २ थान
२३.सिलिन्डर २ थान